# लिलामसम्बन्धी शिलबन्दी बोलपत्रको सूचना

(प्रथम पटक प्रकाशित मिति २०७२।३।१४)

यस लि. मा रहेको तपशिल बमोजिमको कार्यालयको संरचना, फर्निचर तथा फिक्सचर्स र अन्य कार्यालय सरसामानहरु यथास्थितिमा बोलपत्रद्धारा बिक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । सूचना राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित भएको मितिले १५ दिन भित्र यस लि. मा शिलबन्दी बोलपत्र दिन हुन ईच्छुक संघ संस्थालाई जानकारी गराईन्छ । प्रथम पटक प्रकाशित मितिले १६ दिनको दिन सार्बजनिक छुट्टि परेमा सो को भोलिपल्ट वा भोलिपल्ट पनि बिदा परेमा कार्यालय खुलेको दिन अन्तिम दिन मानी बोलपत्र खोलिनेछ । कार्यालयको संरचना, फर्निचर तथा फिक्सचर्स र अन्य कार्यालय सरसामानहरु (जे जस्तो अवस्थामा छन्) यस लि. को प्रशासन विभागमा सम्पर्क राखी हेर्न सकिनेछ ।

१. बोलपत्र फाराम खरीद गर्न ग्लोवल आईएमई बैंक लि. काठमाडौंमा रहेको यस लि. को चल्ती खाता नं. ७५११०१०००००३८ मा रु. २०००।- जम्मा गरेको सक्कल भौचर पेश गरी प्रशासन विभागबाट प्राप्त गर्न सकिनेछ । उक्त बोलपत्र फाराम खरीदको लागि जम्मा भएको रकम फिर्ता हुने छैन् ।
२. बोलपत्र पेश गर्दा अर्नेष्ट मनी बापत आफूले कबोल गरेको रकमको ५(पाँच) प्रतिशतले हुने रकम माथि उल्लेखित दफा १ मा उल्लेख भएको बैकमा रहेको चल्ती खातामा जम्मा गरेको सक्कल भौचर बोलपत्र साथ पेश गर्नु पर्नेछ ।
३. बोलपत्रमा कबोल गरेको रकम अंक र अक्षरमा प्रष्ट बुझिने गरी लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक पर्न गएमा अक्षरमा उल्लेखित रकमलाई मान्यता दिईनेछ ।
४. प्राप्त बोलपत्र पेश गरिने अन्तिम दिनको भोलिपल्ट दिनको १.०० बजे उपस्थित बोलपत्रदाता वा प्रतिनिधीहरुको रोहबरमा खोलिनेछ । तर बोलपत्रदाता वा प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोलिने काम रोकिने छैन् ।
५. रित नपुगेको र म्याद नाघी आएको बोलपत्र उपर कुनै कारबाही हुने छैन ।
६. बोलपत्र स्वीकृत भई सूचना पाएको मितिले ७ दिन भित्र सम्पूर्ण रकम बुझाई कार्यालयको संरचना, फर्निचर तथा फिक्सचर्स र अन्य कार्यालय सरसामानहरु बुझी लानु पर्नेछ । म्याद भित्र आफूले कबोल गरेको कार्यालयको संरचना, फर्निचर तथा फिक्सचर्स र अन्य कार्यालय सरसामानहरु नबुझेमा अर्नेष्ट मनी बापत्को रकम जफत भई स्वीकृत बोलपत्र रद्द हुनेछ ।
७. बोलपत्र स्वीकृत गर्ने नगर्ने अधिकार सिडिएस एण्ड क्लियरिङ्ग लि. मा सुरक्षित रहनेछ ।

**तपशिल**

१. कार्यालयको संरचना, फर्निचर तथा फिक्सचर्स र अन्य कार्यालय सरसामानहरु

**सिडिएस एण्ड क्लियरिङ्ग लि.**
प्रशासन विभाग
युएनआई शान्ति मार्ग,
भद्रकाली काठमाडौं
फोन : ४२५०७५५/५६, ४२५०५९७